
# गौर नगरपालिका

# आप्रवासन वस्तुस्थिति विवरण

## (Migration Profile)
## २०७९



## गौर नगरपालिका

गौर, रौतहट, मधेसप्रदेश

गौर नगरपालिकाको

# आप्रवासन वस्तुस्थिति विवरण

# (Migration Profile)

२०७९

गौर नगरपालिका
गौर, रौतहट
मधेस प्रदेश, नेपाल

पुस्तकः  गौर नगरपालिकाको आप्रवासन वस्तुस्थिति विवरण (Migration Profile),

२०७९

प्रकाशकः गौर नगर कार्यपालिकाको कार्यालय, गौर, रौतहट

सर्वाधिकारः प्रकाशकमा सुरक्षित

संस्करणः पहिलो संस्करण, असार २०७९

आर्थिक तथा प्राविधिक सहयोगः ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)

सुरक्षित आप्रवासन परियोजना (सामी)

व्यवस्थापकीय सहयोग: माण्डवी, गौर

# मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अनुसार राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । तीन तहको सरकारको अभ्यास हुने क्रममा २०७९, वैशाखमा भएको स्थानीय तहको निर्वाचनबाट गौर नगरपालिकामा हामी स्थानीय जनप्रतिनिधिका रूपमा निर्वाचित भएका छौं । स्थानीय तहलाई सवल बनाउदै दिर्घकालिन विकासका योजनालाई गुणस्तरीय र दीगो बनाउने जिम्मा हाम्रो काँधमा आएको छ । विकासका योजनालाई गुणस्तरीय र दीगो बनाउन सर्वप्रथम नगरपालिकाको वैदेशिक रोजगार सम्बन्धी वस्तुगत अवस्था थाहा पाउनु आवश्यक ठानी गौर नगरपालिकाको आप्रवासन वस्तुस्थिति विवरण (Migration Profile), २०७९ तयार गरिएको छ ।

संविधानको अनुसूचि ८ बमोजिम स्थानीय तहको अधिकारको सूचि अन्तरगत क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकारलाई सूचिकृत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (च), (छ), (ड) अनुसार प्रत्येक स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको तथ्याङ्क सङ्कलन, अभिलेख सङ्कलन, वस्तुगत विवरण तयारी तथा प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।

"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार" को नारालाई साकार पार्न वैदेशिक रोजगार क्षेत्रको अध्ययन र वस्तुगत अवस्था बुझ्न आवश्यक थियो । लामो समयको मेहनतपछि तयार पारिएको यस आप्रवासन वस्तुस्थिति विवरणमा नगरपालिकाको वैदेशिक रोजगार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिको विस्तृत विवरण हेर्न सकिन्छ । यसैगरी नगरपालिकाको वैदेशिक रोजगारको अवस्था, सुरक्षित वैदेशिक रोजगार, वैदेशिक रोजगारको समस्या तथा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको पुन:एकीकरणको अवस्था यस वस्तुस्थिति विवरणमा समेटिएको छ । यो आप्रवासन वस्तुस्थिति विवरण छपाई प्रतिको अलवा नगरपालिकाको वेभसाइट मार्फत डिजिटल कपि समेत हेर्न सकिनेछ ।

यस वस्तुस्थिति विवरणमा भएका तथ्याङ्कहरुलाई आवश्यकता अनुसार अपडेट गर्न अहिलेको सूचना प्रविधिको युग सुहाउँदो डाटावेस नै निर्माण गरिएको छ । निश्चित समयसीमा र वजेटमा तयार गरिएको यस वस्तुस्थिति विवरणमा नयाँ सूचनाहरु थप गर्न, सूचनालाई अझ विस्तृत गर्न तथा आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

नगरपालिकाको आप्रवासन वस्तुस्थिति विवरण तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पुर्याउने ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि), आर्थिक र व्यवस्थापकीय सहयोग पुर्याउने सुरक्षित आप्रवासन (सामी) परियोजना, आप्रवासन श्रोत केन्द्र, तथ्यांक उपलब्ध गराउने व्यक्ति, तथ्याङ्क संकलक लगायत यसकार्यमा सल्लाह सुझाव दिनुहुने सवै क्षेत्रका महानुभावहरूप्रति नगरपालिकाको तर्फबाट विशेष धन्यवाद ज्ञापन गर्दछु ।

२०७९।३।१२

.........

नगर प्रमुख

गौर नगरपालिका

मधेस प्रदेश

नेपाल

# मन्तव्य

सूचना नै विकास निर्माणको पूर्वाधार हो । विश्वसनीय तथ्याङ्कले मात्र योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन कार्यलाई प्रभावकारी तुल्याउन सक्दछ । तथ्याङ्कलाई विश्लेषण गरेर बनाइएको योजनाले मात्र दीगो, वैज्ञानिक र तर्कसंगत विकास हुन सक्दछ । तसर्थ गौर नगरपालिकाको नारा "शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार" लाई साकार बनाउन गौर नगरपालिकाको यो आप्रवासन वस्तुस्थिति विवरण तयार गरी यहाँहरु सामु प्रस्तुत् गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (च), (छ), (ड) अनुसार प्रत्येक स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको तथ्याङ्क सङ्कलन, अभिलेख सङ्कलन, वस्तुगत विवरण तयारी तथा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसैगरी उपदफा (थ) मा स्थानीय सरकारलाई रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क संकलन, प्रशोधन, सूचना प्रणालीको व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनःएकीकरण, वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोगमा आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी दिएको छ । उपरोक्त संवैधानिक व्यवस्था र कानुनी प्रावधानहरूको परिपालना गर्दै निर्धारित ढाँचामा यस स्थानीय तहबाट वैदेशिक रोजगारमा गएका र फर्केर आएकाहरुको अवस्था चित्रण गर्न डिजिटल प्रविधिबाट तथ्याङ्क सङ्कलन, प्रशोधन, तालिकीकरण तथा विश्लेषण गरी गौर नगरपालिकाको यो आप्रवासन वस्तुस्थिति विवरण (Migration Profile), २०७९ तयार पारिएको छ

नगरको समग्र वैदेशिक रोजगारको अवस्था, हाल वैदेशिक रोजगारमा गएका र फर्केर आएकाहरुको विवरण, सुरक्षित आप्रवासन, विप्रेषणको अवस्था, वेदेशिक रोजगारको समस्या र पुनःएकीकरणको अवस्था झल्किने गरी तयार गरिएको यस आप्रवासन वस्तुस्थिति विवरणको प्रिन्ट प्रति र डिजिटल भर्सन नगरपालिकाको वेवसाइटबाट समेत हेर्न सकिन्छ । नगरपालिकामा रोजगार सृजना गरी वैदेशिक रोजगारमा बाध्यात्मक रुपमा जानु पर्ने अवस्थालाई अन्त्य गर्न अब यहि वस्तुस्थिति विवरणमा उल्लेखित तथ्याङ्कको विश्लेषणको आधारमा तय हुनेछ । यहि दस्तावेजलाई आधार मानेर नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गरिनेछ । यसबाट स्वरोजगार प्रवर्द्धन, सुरक्षित वैदेशिक रोजगार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको पुनःएकीकरण कार्यमा यो वस्तुस्थिति विवरण कोशेढुंगा साबित हुने मैले विश्वास लिएको छु ।

यस वस्तुस्थिति विवरण तयार गर्ने क्रममा त्रुटीरहीत बनाउन प्रयास गर्दागर्दै पनि केहि त्रुटी भएको हुन सक्दछ । हालको सूचना प्रविधिको युग अनुसार डिजिटल प्रविधिहरु प्रयोग गरी यो वस्तुस्थिति विवरण तयार गरिएकाले यसमा देखिएको त्रुटिहरु आगामि दिनहरुमा सजिलै सच्याइँदै लगिनेछ । नगरपालिकाको यस आप्रवासन वस्तुस्थिति विवरण तयार पार्न सहयोग पुर्याउने ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि), सुरक्षित आप्रवासन (सामी) परियोजनालाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यसैगरी यस कार्यमा संलग्न नगरपालिकाका कर्मचारी, तथ्याङ्क उपलब्ध गराउनु हुने नगरवासी, नगरका जानिफकार व्यक्तिहरु, घरघरमा गई तथ्याङ्क संकलन गर्नु हुने गणकहरुलाई पनि धन्यवाद दिन चाहन्छु । साथै वस्तुस्थिति विवरणकै आधारमा तय गरिने सम्पूर्ण योजनाहरुको कार्यान्वयनमा सहकार्य र सहयोग गर्न सबै पक्षहरूलाई हार्दिक अपिल समेत गर्दछु ।

सिकिन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
गौर नगरपालिका
मधेस प्रदेश
नेपाल

# विषय सूचि


**परिच्छेद -१: परिचय** ... १

**१.१ पृष्ठभुमि** ... १

**१.२ उद्देश्य** ... १

**१.३ कानुनी तथा नीतिगत आधार** ... १

**१.४ तयारीका चरण** ... २

**१.५ सूचना संकलनमा प्रयोग गरिएको प्रविधि** ... ३

**१.६ वस्तुस्थिति विवरणको सीमा** ... ३

**१.७ तथ्याङ्क प्रयोगको संवेदनशीलता** ... ३

**परिच्छेद -२: नगरपालिका परिचय** ... ४

**२.१ नगरपालिकाको संक्षिप्त परिचय** ... ४

**२.२ वडागत जनसंख्या र क्षेत्रफल** ... ४

**परिच्छेद -३: वैदेशिक रोजगारको अवस्था र नीतिगत व्यवस्था** ... ५

**३.१ स्थानीय तहको नीति तथा कार्यक्रम र कार्यन्वयनको अवस्था** ... ६

**३.२ आप्रवासी श्रोत केन्द्र** ... ६

**३.३ रिटर्नी सञ्जाल** ... ६

**३.४ आप्रवासनको क्षेत्रमा कार्यरत संघ संस्था तथा कार्यक्रमहरु** ... ६

**३.५ जिल्लाको वैदेशिक रोजगारको अवस्था** ... ७

**३.६ वैदेशिक रोजगार गएका र फर्केर आएका व्यक्तिहरुको संक्षिप्त विवरण** ... ८

**३.७ वैदेशिक रोजगारमा गएका र फर्केको घर सम्बन्धी विवरण** ... ८

**३.८ वडागत जनसंख्या र वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण** ... ९

**परिच्छेद -४: वैदेशिक रोजगारमा गएको अवस्था** ... १०

**४.१ वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण** ... १०

४.१.१ वैदेशिक रोजगार गएका व्यक्तिहरुको वडागत विवरण ... १०

४.१.२ वैदेशिक रोजगार गएका व्यक्तिहरुको टोलगत विवरण ... १०

४.१.३ उमेर समूहका आधारमा वैदेशिक रोजगारमा गएकाहरुको विवरण ... ११

४.१.४ देशगत (वर्गिकृत) रुपमा वैदेशिक रोजगारमा गएको देश ... १२

४.१.५ वैदेशिक रोजगारमा गएको देश ... १३

४.१.६ वैदेशिक रोजगारमा दोहर्याएर गएको अवस्था ... १३

**४.२ वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको सामाजिक अवस्था** ... १४

४.२.१ धर्मको आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण ... १४

४.२.२ मातृभाषाको आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण ... १४

४.२.३ जातीय समूहका आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ... १५

४.२.४ जातजातिका आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण ... १६

४.२.५ वैदेशिक रोजगारमा गएका व्यक्तिको शैक्षिक अवस्था ... १७

४.२.६ वैदेशिक रोजगारमा गएका व्यक्तिको वैवाहिक अवस्था ... १८

**४.३ वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको आर्थिक अवस्था** ... १८

४.३.१ वैदेशिक रोजगारमा गएका व्यक्तिको घरको मुख्य पेशा ........ १८
४.३.२ विदेशमा गरिरहेको कामको प्रकृति ........ १८

**४.४ सुरक्षित वैदेशिक रोजगारको अवस्था** ........ १९
४.४.१ वैदेशिक रोजगारमा जाने माध्यम ........ १९
४.४.२ वैदेशिक रोजगारमा जाने बाटो ........ २०
४.४.३ वैदेशिक रोजगार जाँदा प्रयोग गरेको भिषाको प्रकार ........ २०
४.४.४ कागजपत्र घरमा छोडे वा नछोडेको ........ २१
४.४.५ वैदेशिक रोजगारमा जानुपूर्व सीप तालिम लिनेको अवस्था ........ २२
४.४.६ सूचना तथा परामर्ष लिएको अवस्था ........ २२
४.४.७ आप्रवासी श्रोत केन्द्रबाट परामर्श दिएको विवरण ........ २३

**४.५ वैदेशिक रोजगारमा जाँदाको लागत** ........ २४
४.५.१ वैदेशिक रोजगार जाँदा लागेको लागत सम्बन्धी विवरण ........ २४
४.५.२ लागतको श्रोत ........ २४

**४.६ वैदेशिक रोजगारमा जाने व्यक्तिहरुबाट प्राप्त विप्रेषण** ........ २५
४.६.१ गत १ वर्षमा विप्रेषण पठाउनेको संख्या ........ २५
४.६.२ विप्रेषण प्राप्त गर्ने माध्यम ........ २५
४.६.३ विप्रेषण आम्दानी (वार्षिक) ........ २६
४.६.४ विप्रेषण खर्च (वार्षिक) ........ २६
४.६.५ विप्रेषणबाट घर घडेरी किन्नेको विवरण ........ २७
४.६.६ विप्रेषणबाट प्राप्त रकम बचत गरिएको निकाय ........ २७

**४.७ वैदेशिक रोजागारले निम्त्याएको समस्या** ........ २८
४.७.१ वैदेशिक रोजागारले निम्त्याएको समस्याहरुको अवस्था ........ २८
४.७.२ वैदेशिक रोजगारमा रहँदा भोग्नु परेको समस्याहरु ........ २८
४.७.३ वैदेशिक रोजगारका कारण भएको पारिवारिक समस्याहरु ........ २९

**४.८ वैदेशिक रोजागारको सामाजिक लागत** ........ २९
४.८.१ वैदेशिक रोजगारमा गएकै कारण भएको दोश्रो विवाह ........ २९
४.८.२ बोर्डिङ् स्कुलमा पढाउनका लागि सदरमुकाम वा अन्य शहरमा गएकाहरुको विवरण ........ ३०

**परिच्छेद -५: वैदेशिक रोजगारबाट फर्किएकाहरुको विवरण** ........ ३१

**५.१ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको संख्या** ........ ३१
५.१.१ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको वडागत विवरण ........ ३१
५.१.२ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको टोलगत विवरण ........ ३१
५.१.३ उमेर समूहका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३३
५.१.४ देशगत (वर्गिकृत) रुपमा फर्किएका व्यक्तिहरु ........ ३३
५.१.५ देशगत रुपमा फर्किएका व्यक्तिहरु ........ ३४

**५.२ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक अवस्था** ........ ३५
५.२.१ धर्मको आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३५
५.२.२ मातृभाषाको आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३५
५.२.३ जातीय समूहका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३६
५.२.४ जातजातिका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३६
५.२.५ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक अवस्था ........ ३७
५.२.६ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको वैवाहिक अवस्था ........ ३८

**५.३ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सिप तथा अनुभव** ........ ३९
५.३.१ विदेशमा गरेको कामको प्रकार ........ ३९

५.३.२ वैदेशिक रोजगारको क्रममा प्राप्त गरेको कामको अनुभवहरुको विवरण ..... ३९
५.३.३ वैदेशिक रोजगारबाट फर्किएपछि नेपालमा सीप तालिम लिएको विवरण ..... ४०
**५.४ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको आर्थिक पुन:एकीकरणको अवस्था** ..... ४१
५.४.१ फर्केर आएका व्यक्तिहरुको फेरी वैदेशिक रोजगार जाने सोंच ..... ४१
५.४.२ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु हालको संलग्नता ..... ४१
५.४.३ व्यवसायमा संलग्न हुनेहरुको व्यवसायको प्रकृति ..... ४२
**५.५ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको आर्थिक पुन:एकीकरणको सम्भावनाहरु** ..... ४३
५.५.१ नयाँ व्यवसाय सञ्चालन गर्न तथा नयाँ व्यवसाय सुरु गर्नका लागि भएका समस्याहरु ..... ४३
५.५.२ नेपालमा नै रहेर काम गर्न चाहने क्षेत्रहरु ..... ४३
५.५.३ नेपालमा नै स्वरोजगार हुन आवश्यक कुराहरु ..... ४४

## तालिकाहरु

तालिका नं. १ : जिल्लाको वैदेशिक रोजगारको अवस्था ..... ७
तालिका नं. २: वैदेशिक रोजगार गएका र फर्केर आएका व्यक्तिहरुको विवरण ..... ८
तालिका नं. ३: वैदेशिक रोजगार गएका र फर्केर आएका व्यक्तिहरुको विवरण ..... ९
तालिका नं. ४: वडागत जनसंख्या र वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण ..... ९
तालिका नं. ५: वैदेशिक रोजगार गएका व्यक्तिहरुको वडागत विवरण ..... १०
तालिका नं. ६: वैदेशिक रोजगार गएका व्यक्तिहरुको टोलगत विवरण ..... १०
तालिका नं. ७ : उमेर समूहका आधारमा वैदेशिक रोजगारमा गएकाहरुको विवरण ..... १२
तालिका नं. ८ : देशगत (वर्गिकृत) रुपमा वैदेशिक रोजगारमा गएको देश ..... १२
तालिका नं. ९: वैदेशिक रोजगारमा गएको देश ..... १३
तालिका नं. १० :वैवैदेशिक रोजगारमा दोहर्याएर गएको अवस्था ..... १३
तालिका नं. ११ : उमेर समूहका आधारमा वैदेशिक रोजगारमा गएकाहरुको विवरण ..... १४
तालिका नं.१२ : मातृभाषाको आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरु ..... १४
तालिका नं. १३: जातीय समूहका आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरु ..... १५
तालिका नं. १४: जातजातिका आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण ..... १६
तालिका नं. १५: वैदेशिक रोजगारमा गएका व्यक्तिको शैक्षिक अवस्था ..... १७
तालिका नं. १६ : वैदेशिक रोजगारमा गएका व्यक्तिको वैवाहिक अवस्था ..... १८
तालिका नं. १७ : वैदेशिक रोजगारमा गएका व्यक्तिको घरको मुख्य पेशा ..... १८
तालिका नं. १८: विदेशमा गरिरहेको कामको प्रकृति ..... १९
तालिका नं. १९: वैदेशिक रोजगारमा जाने माध्यम ..... १९
तालिका नं. २०: वैदेशिक रोजगारमा जाने बाटो ..... २०
तालिका नं. २१: वैदेशिक रोजगार जाँदा प्रयोग गरेको भिषाको प्रकार ..... २०
तालिका नं. २२: कागजपत्र घरमा छोडे वा नछोडेको ..... २१
तालिका नं.२३: वैदेशिक रोजगारमा जानुपूर्व सीप तालिम लिनेको अवस्था ..... २२
तालिका नं. २४: सूचना तथा परामर्ष लिएको अवस्था ..... २२
तालिका नं. २५: आप्रवासी श्रोत केन्द्रबाट परामर्श दिएको विवरण ..... २३
तालिका नं. २६: वैदेशिक रोजगार जाँदा लागेको लागत सम्बन्धी विवरण ..... २४
तालिका नं. २७: लागतको श्रोत ..... २४
तालिका नं.२८ : गत १ वर्षमा विप्रेषण पठाउनेको संख्या ..... २५
तालिका नं. २९: विप्रेषण प्राप्त गर्ने माध्यम ..... २५
तालिका नं.३० : विविप्रेषण आम्दानी (वार्षिक) ..... २६
तालिका नं. ३१: विप्रेषण खर्च (वार्षिक) ..... २६
तालिका नं.३२ : विप्रेषणबाट घर घडेरी किन्नेको विवरण ..... २७
तालिका नं. ३३: विप्रेषणबाट प्राप्त रकम बचत गरिएको निकाय ..... २७
तालिका नं. ३४: वैदेशिक रोजागारले निम्त्याएको समस्याहरुको अवस्था ..... २८
तालिका नं. ३५: वैदेशिक रोजागारले निम्त्याएको समस्याहरुको अवस्था ..... २८
तालिका नं. ३६: वैदेशिक रोजगारका कारण भएको पारिवारिक समस्याहरु ..... २९
तालिका नं. ३७: वैदेशिक रोजगारमा गएकै कारण भएको दोश्रो विवाह ..... २९
तालिका नं.३८: बोर्डिङ्ग स्कुलमा पढाउनका लागि सदरमुकाम वा अन्य शहरमा गएकाहरुको विवरण ..... ३०
तालिका नं. ३९: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको वडागत विवरण ..... ३१
तालिका नं. ४०: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको टोलगत विवरण ..... ३१
तालिका नं.४१: उमेर समूहका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ..... ३३

तालिका नं.४२: देशगत (वर्गिकृत) रुपमा फर्किएका व्यक्तिहरु ........ ३३
तालिका नं.४३: देशगत रुपमा फर्किएका व्यक्तिहरु ........ ३४
तालिका नं. ४४: धर्मको आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु ........ ३५
तालिका नं. ४५: मातृभाषाको आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु ........ ३५
तालिका नं. ४६: जातीय समूहका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३६
तालिका नं. ४७: जातजातिका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ........ ३६
तालिका नं. ४८: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक अवस्था ........ ३७
तालिका नं. ४९: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको वैवाहिक अवस्था ........ ३८
तालिका नं ५०: विदेशमा गरेको कामको प्रकार ........ ३९
तालिका नं ५१: वैदेशिक रोजगारको क्रममा प्राप्त गरेको कामको अनुभवहरुको विवरण ........ ३९
तालिका नं ५२: वैदेशिक रोजगारबाट फर्किएपछि नेपालमा सीप तालिम लिएको विवरण ........ ४०
तालिका नं ५३: फर्केर आएका व्यक्तिहरुको फेरी वैदेशिक रोजगार जाने सोंच ........ ४१
तालिका नं ५४ : वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु हालको संलग्नता ........ ४१
तालिका नं ५५: व्यवसायमा संलग्न हुनेहरुको व्यवसायको प्रकृति ........ ४२
तालिका नं ५६: नयाँ व्यवसाय सञ्चालन गर्न तथा नयाँ व्यवसाय सुरु गर्नका लागि भएका समस्याहरु ........ ४३
तालिका नं ५७: नेपालमा नै रहेर काम गर्न चाहने क्षेत्रहरु ........ ४३
तालिका नं ५८: नेपालमा नै स्वरोजगार हुन आवश्यक कुराहरु ........ ४४

# अनुसूचिहरु

अनुसूचि १: उमेर समूहका आधारमा वैदेशिक रोजगारमा गएकाहरुको विवरण ..... ४५
अनुसूचि २: देशगत (वर्गिकृत) रुपमा वैदेशिक रोजगारमा गएको देश ..... ४५
अनुसूचि ३: वैदेशिक रोजगारमा गएको देश ..... ४५
अनुसूचि ४: वैदेशिक रोजगारमा दोहर्याएर गएको अवस्था ..... ४६
अनुसूचि ५ : धर्मको आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण ..... ४६
अनुसूचि ६: धर्मको आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण ..... ४७
अनुसूचि ७: जातीय समूहका आधारमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ..... ४७
अनुसूचि ८: वैदेशिक रोजगारमा गएका व्यक्तिको शैक्षिक अवस्था ..... ४७
अनुसूचि ९ : वैदेशिक रोजगारमा गएका व्यक्तिको वैवाहिक अवस्था ..... ४८
अनुसूचि १० : वैदेशिक रोजगारमा गएका व्यक्तिको घरको मुख्य पेशा ..... ४८
अनुसूचि ११: विदेशमा गरिरहेको कामको प्रकृति ..... ४८
अनुसूचि १२ : वैदेशिक रोजगारमा जाने माध्यम ..... ४९
अनुसूचि १३: वैदेशिक रोजगारमा जाने बाटो ..... ४९
अनुसूचि १४: वैदेशिक रोजगार जाँदा प्रयोग गरेको भिषाको प्रकार ..... ४९
अनुसूचि १५: कागजपत्र घरमा छोडे वा नछोडेको ..... ५०
अनुसूचि १६: वैदेशिक रोजगारमा जानुपूर्व सीप तालिम लिनेको अवस्था ..... ५०
अनुसूचि १७: सूचना तथा परामर्ष लिएको अवस्था ..... ५०
अनुसूचि १८: वैदेशिक रोजगार जाँदा लागेको लागत ..... ५१
अनुसूचि १९: लागतको श्रोत ..... ५१
अनुसूचि २०: विप्रेषण लगानीका क्षेत्रहरु ..... ५१
अनुसूचि २१: विप्रेषणबाट प्राप्त रकम बचत गरिएको निकाय ..... ५२
अनुसूचि २२: वैदेशिक रोजागारले निम्त्याएको समस्याहरुको अवस्था ..... ५२
अनुसूचि २३: वैदेशिक रोजगारमा रहँदा भोग्नु परेको समस्याहरु ..... ५३
अनुसूचि २४: वैदेशिक रोजगारका कारण भएको पारिवारिक समस्याहरु ..... ५३
अनुसूचि २५: बोर्डिङ्ग स्कुलमा पढाउनका लागि सदरमुकाम वा अन्य शहरमा गएकाहरुको विवरण ..... ५४
अनुसूचि २६: उमेर समूहका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु ..... ५४
अनुसूचि २७: देशगत (वर्गिकृत) रुपमा फर्किएका व्यक्तिहरु ..... ५४
अनुसूचि २८: देशगत रुपमा फर्किएका व्यक्तिहरु ..... ५५
अनुसूचि २९: धर्मको आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु ..... ५५
अनुसूचि ३०: मातृभाषा को आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ..... ५५
अनुसूचि ३१: जातीय समूहका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको विवरण ..... ५६
अनुसूचि ३२: जातजातिका आधारमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु ..... ५६
अनुसूचि ३३: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक अवस्था ..... ५७
अनुसूचि ३४: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको वैवाहिक अवस्था ..... ५७
अनुसूचि ३५: विदेशमा गरेको कामको प्रकार ..... ५७
अनुसूचि ३६: वैदेशिक रोजगारको क्रममा प्राप्त गरेको कामको अनुभवहरु ..... ५८
अनुसूचि ३७: वैदेशिक रोजगारबाट फर्किएपछि नेपालमा सीप तालिम ..... ५८
अनुसूचि ३८: फर्केर आएका व्यक्तिहरुको फेरी वैदेशिक रोजगार जाने सोंच ..... ५९
अनुसूचि ३९: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु हालको संलग्नता ..... ५९
अनुसूचि ४०: व्यवसायमा संलग्न हुनेहरुको व्यवसायको प्रकृति ..... ५९
अनुसूचि ४१: नयाँ व्यवसाय सञ्चालन गर्न तथा नयाँ व्यवसाय सुरु गर्नका लागि भएका समस्याहरु ..... ६०

अनुसूचि ४२: नेपालमा नै रहेर काम गर्न चाहने क्षेत्रहरु ........ ६०
अनुसूचि ४३: नेपालमा नै स्वरोजगार हुन आवश्यक कुराहरु ........ ६१

# परिच्छेद -१: परिचय

## १.१ पृष्ठभुमि

नेपालको संविधान, २०७२ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना हुने र राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यबस्था छ । संविधान अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ । संविधानको अनुसूचि ८ बमोजिम स्थानीय तहको अधिकारको सूची अन्तरगत क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, बेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, सम्भाव्य प्राकृतिक, भौतिक र सांस्कृतिक स्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई भौतिक तहको कार्यक्षेत्र भनी उल्लेख गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (च), (छ), (ड) अनुसार प्रत्येक स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको तथ्याङ्क सङ्कलन, अभिलेख सङ्कलन, वस्तुगत विवरण तयारी तथा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसैगरी उपदफा (थ) मा स्थानीय सरकारलाई रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क संकलन, प्रशोधन, सूचना प्रणालीको व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको सामाजि पुनःएकीकरण, वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र उद्यमरीलताको उपयोगमा आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी दिएको छ । उक्त जिम्मेवारीलाई आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरूमा समावेश गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न वर्तमान अवस्था झल्किने यथार्थ तथ्याङ्कहरूको आश्यकता पर्दछ । उपरोक्त संवैधानिक व्यवस्था र कानुनी प्रावधानहरूको परिपालना गर्दै स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित विषयहरूलाई निर्धारित ढाँचामा समेटेर यस स्थानीय तहबाट वैदेशिक रोजगारमा गएका र फर्केर आएकाहरूको अवस्था चित्रण गर्न डिजिटल प्रविधिबाट तथ्याङ्क सङ्कलन, प्रशोधन, तालिकीकरण तथा विश्लेषण गरी गौर नगरपालिकाको यो आप्रवासन वस्तुस्थिति विवरण, २०७८ तयार पारिएको छ ।

## १.२ उद्देश्य

आप्रवासन वस्तुस्थिति विवरण तयारीको उद्देश्य निम्न रहेका छन् :

१ यस पालिका भित्रका वैदेशिक रोजगारमा गएको नागरिकहरूको वडागत तथ्याङ्क प्रस्तुत् गरी पालिको वैदेशिक रोजगारीको अवस्थाको चित्रण गर्ने,

२. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको तथ्याङ्क प्रस्तुत् गरी उनीहरूको पुनःएकीकरणको अवस्थाको चित्रण गर्ने,

३. वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको पुनःएकीकरण सम्बन्धी पालिकाको नीति तथा योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्कहरू डिजिटल रूपमा समेत उपलब्ध गराउने ।

## १.३ कानुनी तथा नीतिगत आधार

यस स्थानीय तहको आप्रवासन वस्तुस्थिति विवरण संवैधानिक व्यवस्था तथा तथ्याङ्कका मान्य सिद्धान्तलाई आधार मानी तयार गरिएको छ । यसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन जस्ता कानुनी र नीतिगत व्यवस्थालाई आधारको रूपमा लिइएको छ । स्थानीय तहको आप्रवासन वस्तुस्थिति विवरण तयार गर्नु पर्ने कानुनी तथा नीतिगत व्यवस्थाहरू निम्नानुसार रहेका छन् ।

### १.३.१ तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१

जनतालाई अधिक हित हुने नीति निर्धारण गर्न, सरकारी निकायहरूको प्रशासकीय निपूर्णता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकारलाई यथार्थ आधार चाहिने र त्यस्तो आधार जुटाउन तथ्याङ्क सङ्कलन सम्बन्धी सुविधाको व्यवस्था गर्न तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेख र प्रकाशन गर्ने

कामका लागि एक केन्द्रीय विभागको स्थापना गरी शान्ति, सुव्यवस्था, जनताको सुविधा र आर्थिक हित कायम राख्न तथ्याङ्क ऐन, २०१५ जारी गरिएको हो ।

### १.३.२ स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

यस दिग्दर्शनको दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामूलक प्रक्रियाबाट नतिजामूलक ढङ्गले गर्नुपर्ने र योजना र बजेट तर्जूमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी आप्रवासन वस्तुगत विवरण तयार गर्नु पर्ने व्यवस्था रहेको छ ।

### १.३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) को च (२) र (३) को ङ, (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा बेरोजगारको तथ्याङ्क सङ्कलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को (ख) मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचनासहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था रहेको छ

## १.४ तयारीका चरण

प्रस्तावित वैदेशिक रोजगारमा गएका र फर्केर आएकाहरूको प्रोफाइल तयार पार्न तपसिलमा उल्लेखित चरणहरूमा आवश्यक कृयाकलापहरू सम्पन्न गरी वस्तुस्थिति विवरण गरिनेछ ।

| चरण | कार्यान्वयन चरण | कृयाकलापहरू |
|---|---|---|
| चरणः १ | पूर्वतयारी | उलपब्ध मार्गदर्शन आधारमा तयारी गर्ने । |
| | | पालिकासँग तथ्यांक संकलन प्रकृया तथा बजेटका बारेमा छलफल र सहमति लिने |
| | | गणकहरू छनौट गर्ने । |
| | | आवश्यक सामग्री खरीद तथा तयारी गर्ने |
| | | गणकलाई २ दिने अभिमुखीकरण तालिम सञ्चाल गर्ने । |
| चरणः २ | तथ्यांक संकलन | वैदेशिक रोजगारमा गएका र फर्केर आएको ५ वर्षसम्म भएका व्यक्तिको घरमा गएर तथ्यांक संकलन गर्ने । |
| | | तथ्यांक संकलन गरिएको घरको फोटो खिच्ने । |
| | | तथ्यांक संकलन गरिएको घरको न्एक अवस्थिति लिने । |
| | | संकलित तथ्यांक रूजु गरी सर्भरमा सिंक गर्ने । |
| | | द्वितीय तथ्यांक तथा जानकारीहरू संकलन गरी एककट्ठा गर्ने । |
| चरणः ३ | तथ्यांक प्रशोधन तथा विश्लेषण | सर्भरमा प्राप्त तथ्यांक वेभ मार्फत चेक गरी आवश्यकता अनुसार संशोधन गर्ने र नमिलेको तथ्यांकहरू मिलाउने । |
| | | तथ्यांक विश्लेषण गर्ने । |
| चरणः ४ | प्रोफाइल लेखन | द्वितीय तथ्यांक पूर्णरूपमा लेख्ने |
| | | वेभमा भएको डाटा तालिकीकरण गरी लेखन कार्य गर्ने । |
| | | मस्यौदा प्रोफाइल लेखन |
| | | मस्यौदा प्रोफाइलमा सुझाव संकलन गर्ने |
| | | प्रोफइललाई अन्तिम रूप प्रदान गर्ने |
| | | प्रोफाइल छपाउने |
| चरणः ५ | डिजिटल प्रोफाइल वेभसाइटमा प्रकाशन | वेभसाइटमा ड्यासबोर्ड तयार गरी डिजिटल रूपमा तथ्यांक हेर्न र डाउनलोड हुने गरी तयार गर्ने । |

## १.५ सूचना संकलनमा प्रयोग गरिएको प्रविधि

वस्तुस्थिति विवरण तयारीका लागि हाल चलिरहेको आधुनिक सूचना प्रविधिहरू प्रयोग गरी सूचना संकलन गरिएको छ । जसको लागि तपसिलमा उल्लेखित सूचना संकलन प्रविधि तथा प्रकृयाहरू अवलम्वन गरिएको छ ।

- कम्प्युट स ̂टवेयरको प्रयोगः निर्धारित प्रश्नावलीहरू समावेश गरी तयार गरिएको कम्प्युटर स ̂टवेयर प्रयोग गरी तथ्यांक संकलन गरिएको छ । यसरी संकलन गरिएको तथ्यांक कम्प्युट स ̂टवेयर कै माध्यमबाट निर्धारित ढाँचामा तथ्यांक तालिकीकरण सहित स ̂टवेयरले प्रदान छ ।
- मोबाइल मार्फत तथ्यांक संकलनः घरधुरीस्तरको प्रश्नावली सहतिको डाटावेश मोबाइलमा सेटिङ गरी मोबाइलबाट तथ्यांक संकलनहरूले तथ्यांक संकलन गरिएको छ ।
- घरधुरीको न्एक त्चबअपष्लन : दीर्घकालीन प्रयोजनका लागि हरेक घरधुरीको मोबाइल सेटबाटै न्एक विवरण पनि समेत संकलन गरिएको छ ।
- वेभसाइटमा प्रोफाइल : वस्तुस्थिति विवरण निर्माणको सबै प्रकृया पूरा गरी तयार गरिएको यस पालिकाको वस्तुस्थिति विवरण सेवाग्राहीहरूले आफूलाई आवश्यक पर्ने तथ्यांक सहज रूपमा प्राप्त हुने गरी स्थानीय तहको वेभसाइटमा समेत राखिएको छ ।

## १.६ वस्तुस्थिति विवरणको सीमा

यस वस्तुस्थिति विवरणमा वैदेशिक रोजगारमा गएका र फर्केर आएका व्यक्तिहरूको मात्र विवरणहरू समेटिएका छन् । सो बाहेकका घरहरूको विवरण यहाँ समेटिएको छैन । तथ्याङ्क संकलनको क्रममा मोबाइलबाट जि.पि.एस. अवस्थिति संकलन गरिएकोमा प्राविधिक कारण वास्तविक अवस्थिति भन्दा केहि दुरी फरकमा जि.पि.एस. अवस्थिति देखाएको हुन सक्दछ । संकलित सूचनाहरू वैदेशिक वैदेशिक रोजगारमा गएका वा फर्केर आएका परिवारले प्रदान गरेको कुरालाई नै यथार्थ माानेर वस्तुस्थिति विवरण तयार गरिएको छ । यसले उनिहरूको वास्तविक अवस्थाको प्रतिनिधित्व गर्दछ ।

## १.७ तथ्याङ्क प्रयोगको संवेदनशीलता

घरधुरी तहमा पुगी व्यक्तिगत तथा पारिवारिक विवरण, वैदेशिक रोजगारीको अवस्था, प्राप्त विप्रेषण र त्यसको खर्च, वैदेशिक रोजगारले पुऱ्याएको असर लगायत उनीहरूले भोगिरहेका समस्याहरूको विवरण संकलन गरिएका छन् । कतिपय सूचनाहरू उनीहरूको नितान्त व्यक्तिगत खालमा पनि रहेका छन् । वैदेशिक रोजगारका कारण परिवारमा भएका घरेलु हिंसा, लाञ्छना, आरोप जस्ता विषयका जानकारीहरू पनि संकलन गरिएका छन् । यस प्रकारका सूचनाहरूको संवेदनशीलता, गोपनियता र त्यसको सार्वजनिकीकरणमा सम्बन्धित पक्षको ध्यान पुग्नु अत्यावश्यक ठानिएको छ ।

# परिच्छेद -२: नगरपालिका परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

गौर नगरपालिका नेपालको मधेश प्रदेशको रौतहट जिल्लामा अवस्थित छ । गौर नगरपालिकाको घोषणा वि. स. २०४८ चैत्र ३० गते भएको थियो र विधिवत् रूपमा मिति २०४९।०१।२४ गते कार्यालय स्थापना भई संचालन मा आएको हो । यो नगरपालिका तत्कालीन गौर, टिकुलिया, पुरेनवा, सिर्सिया र सवगढा गरी ५ गाविसहरू मिलि बनेको र संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्च्यात नेपालको संबिधानले परिकल्पना गरेको ३ तहको शासन व्यवस्था अन्तर्गत साविकको गाउँ विकास समिति र नगरपालिकाहरू पछि नगरपालिकामा रूपान्तर हुने व्यवस्था बमोजिम १३ वटा वडा भएको गौर नगरपालिका घटेर ९ वटामा सिमित हुन पुगेको छ । यस नगरपालिकाको पूर्व राजदेवी नगरपालिका, पश्चिम ईशनाथ नगरपालिका, उत्तरमा राजपुर नगरपालिका र दक्षिण भारत (बिहारको सीतामढी) रहेको छ । यसको कूल क्षेत्रफल २१.५३ वर्ग कि.मी. रहेको छ ।
यहाँको तापक्रम अधिकत्तम ४० डिग्री सेल्सियस र न्युनत्तम ५ डिग्री सेल्सियसको विचमा रहने गर्दछ । यहाँको हावापानी भने उष्ण प्रकारको रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यहाँ ५६३५ घरधुरीहरू रहेका छन् भने साक्षरता ६४.६ प्रतिशत मात्र रहेको छ ।


## २.२ वडागत जनसंख्या र क्षेत्रफल

राष्ट्रिय जनगनणा २०६८ का अनुसार यस नगरपालिकाको जनसंख्या ३४ हजार ९ सय ३७ जना रहेका छन् । जनसंख्याको हिसावमा सबैभन्दा बढी वडा नम्बर ५ र सबैभन्दा कम वडा नम्बर ८ रहेको छ । यसैगरी क्षेत्रफलको आधारमा वडा नम्बर ९ सबैभन्दा ठूलो र वडा नम्बर ५ सबैभन्दा सानो रहेको छ ।

**वडागत जनसंख्या र क्षेत्रफल**

| वडा नं | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|
| १ | ३९५० | १.४४ |
| २ | ३५५२ | ०.८७ |
| ३ | ४०५६ | १.४ |
| ४ | ५०२८ | ४.२६ |
| ५ | ५१६५ | ०.७ |
| ६ | ४८५४ | ४.२५ |
| ७ | २५७२ | २.१४ |
| ८ | २३४६ | १.८६ |
| ९ | ३४१४ | ४.६१ |
| **जम्मा** | **३४९३७** | **२१.५३** |

## गौर नगरपालिकाको नक्शा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

# परिच्छेद -३: वैदेशिक रोजगारको अवस्था र नीतिगत व्यवस्था

## ३.१ स्थानीय तहको नीति तथा कार्यक्रम र कार्यन्वयनको अवस्था

गौर नगरपालिकाले आप्रवासनको क्षेत्रमा वार्षिक रूपमा विभिन्न नीति तथा कार्यक्रमहरू तय गरी लागु गरिहेको छ । सुरक्षित वैदेशिक रोजगार प्रवर्द्धनका लागि आप्रवासी श्रोत केन्द्र सञ्चालन भई रहेको छ । स्वदेश रोजगार तथा स्वरोजगार सम्बन्धी र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा जानकारीहरू समुदाय तहदेखि घर-घरमा पुर्याउनका लागि विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् । यसका लागि विभिन्न सामुदायिक भेलाहरूमा छलफल कार्यक्रम, पूर्व प्रस्थान अभिमुखीकरण, रोजगारपूर्वको अभिमुखीकरण, वडा र पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम लगायत स्थानीय एम.एम. रेडियो मार्फत सन्देशमूलक जानकारीहरू प्रदान गरिएका छन् । आम नागरिक समक्ष स्वदेश रोजगार र वैदेशिक रोजगार सम्बन्धी सूचना तथा जानकारीहरू पुर्याउन समृद्धि आयोजनाले विभिन्न प्रचार समग्रीहरू तयार गरी वितरण गरिएका छन् । यस क्रममा प्लेक्स् प्रिन्ट, पर्चा, पम्प्लेट, हाते पुस्तिका, भिजिटिङ् कार्डहरू तयार गरी वितरण गरिएका छन् ।

## ३.२ आप्रवासी श्रोत केन्द्र

रोजगारको खोजीमा रहेका युवाहरूलाई स्वारोजगार तथा वैदेशिक रोजगार सम्बन्धी सूचना तथा जानकारी प्रदान गरी वैदेशिक रोजगारका क्रममा ठगी, अलपत्र, गन्तव्य मुलुकमा विभिन्न समस्यामा परेका व्यक्तिहरूलाई उद्धार तथा क्षतिपूर्ति रकम प्राप्त गर्न सहजीकरण गर्नका लागि जिल्ला प्रशासन कार्यालयमा आप्रवासी श्रोत केन्द्र ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०७५।१०।२८ मा सुरू भएको थियो । आप्रवासी श्रोत केन्दले २०७९ जेष्ठ महिनासम्म १०,२०८ जना वैदेशिक रोजगारमा जाने सोंच भएका व्यक्तिहरूलाई सूचना तथा परामर्श प्रदान गरेको छ । आप्रवासी श्रोत केन्दले वैदेशिक रोजगारको क्रममा गठीमा परेका व्यक्तिहरूलाई न्याय तथा क्षतिपूर्ति उपलब्ध गराउन गन्तव्य मुलुकमा अलपत्र बेपत्ता तथा विभिन्न समस्यामा परेका व्यक्तिहरूको उद्धार गर्न सहजीकरण गर्ने गरिएको छ । यसैगरी वैदेशिक रोजगारका क्रममा मृत्यु वा अङ्गभङ्ग भएका व्यक्ति तथा उनका आश्रित व्यक्तिले पाउने सहायता रकम उपलब्ध गराउन सहजीकरण गरिएको छ । आप्रवासी श्रोत केन्द्र स्थापनादेखि हालसम्म ६५ वटा केशहरू समाधान गर्न सहयोग गरी ८९ जनालाई सेवा पुऱ्याएको छ ।यस क्रममा रू ८५ लाख क्षतिपूर्ति तथा राहात रकम प्राप्त गर्न सहजीकरण भएको छ ।

## ३.३ रिटर्नी सञ्जाल

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू ज्ञान, सीप तथा पुँजी परिचालन गर्न सहयोग पुर्याउन तथा उनीहरूको हक हितका लागि सामुहिक रूपमा काम गर्न नागरिक समाजको रूपमा पालिका स्तरमा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको सञ्जाल गठन गरिएको छ । यसका साथै उनीहरूको संस्थागत क्षमता विकासका लागि विभिन्न क्षमता विकासका लागि कृयाकलापहरू समेत सञ्चालन गरिएका छन् ।

## ३.४ आप्रवासनको क्षेत्रमा कार्यरत संघ संस्था तथा कार्यक्रमहरु

यस नगरपालिकामा मुख्यगरी २ वटा निकायहरू कार्यरत रहेको छ ।

### ३.४.१ समृद्धि आयोजना

यस नगरपालिकामा आप्रवासनको क्षेत्रमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगत ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) ले यस गौर नगरपालिकाँगको साझेदारितामा २०७५ माघदेखि आप्रवासनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरी रहेको छ । समृद्धि आयोजनाले आप्रवासन श्रोत केन्द्र सञ्चालन, क्षमता विकास, सुरक्षित आप्रवासनका लागि सचेतीकरण कार्यक्रम, नगरपालिकाको नीति निर्माणमा सहयोग लगायतका कार्यक्रमहरू सञ्चालनमा सहयोग प्रदान गरी रहेको छ ।

### ३.४.२ सुरक्षित आप्रवासन परियोजना

सुरक्षित वैदेशिक रोजगारी सम्बन्धीको सेवालाई प्रभावकारी रूपमा प्रवाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गौर नगरपालिकाको नेतृत्वमा सुरक्षित आप्रवासन (सामी) परियाजना सञ्चालन भईरहेको छ । यो परियोजनालाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराईरहेकोछ । विगत ३ वर्ष

देखि रौतहट जिल्लाका गौर नगरपालिका सहित ४ वटा स्थानीय तहहरूले सामी परियोजना सञ्चालन भईरहेको छ । समग्रमा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सहयोग पुऱ्याउने उद्देश्यले परियोजना अन्तरगत सूचनामा पहुँच, न्यायमा पहुँच, सीप तालिममा पहुँच, वित्तीय साक्षरता तथा मनोसमाजिक परामर्श गरी पाँच वटा कार्यक्रमहरू सञ्चालित छन् । उक्त कार्यक्रमहरू अन्तर्गत  वैदेशिक रोजगारीमा जाने व्यक्ति, तिनका परिवारका सदस्य तथा सरोकारवालाहरूलाई लक्षित गरी विविध किसिमका क्रियाकलापहरू सञ्चालन हुदै आईरहेको छ । यस परियोजना अन्तरगत रौतहट जिल्लाभरीमा मिति २०७८ श्रावणदेखि २०७९ अषाढ मसान्त सम्ममा जम्मा २७०५९ जनालाई प्रत्यक्ष रूपमा भेटेर सूचना प्रदान गरिएको छ भने बैदेशिक रोजगारीको क्रममा विभिन्न किसिमका समस्यामा परेको २०७ जनालाई न्यायमा पहुँचका लागि सहजिकरण गरिएको छ । यसैगरी ३२ वटा वितीय साक्षरता ८३५ महिलाहरू लाभन्वित भएका छन भने ११४ जानलाई व्यक्तिगत र ८३५ जनालाई सामुहिक मनोसमाजिक परामर्श सेवा प्रदान गरिएको छ ।

## ३.५ जिल्लाको वैदेशिक रोजगारको अवस्था

वैदेशिक रोजगारमा यस नगरपालिकाबाट जानेहरूको तथ्याङ्क उपलब्ध नभएता पनि यस जिल्लाबाट वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगारमा जानका लागि लिएको श्रम स्विकृतिको तथ्याङ्क यहाँ प्रस्तुत गरिएको छ । यस जिल्लाबाट आर्थिक वर्ष २०६५/०६६ देखि २०७७/०७८ सम्म पुरुष ५२,१९९ जना र महिला ३,११५ जना गरी जम्मा ५५,३१४ जनाले श्रम स्विकृति लिएको पाइएको छ । जसमा ९४ दशमलव ३७ प्रतिशत पुरूष र ५ दशमलव ६३ प्रतिशत महिला रहेका छन् । यस जिल्लाबाट श्रम स्विकृति लिनेको विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : जिल्लाको वैदेशिक रोजगारको अवस्था**

| आर्थिक वर्ष | पूरुष | महिला | जम्मा |
|---|---|---|---|
| २०६५-०६६ | २,४६४ | १६ | २,४८० |
| २०६६-०६७ | २,६१९ | ३८ | २,६५७ |
| २०६७-०६८ | २,७३६ | ५२ | २,७८८ |
| २०६८-०६९ | ३,२१८ | ८९ | ३,३०७ |
| २०६९-०७० | ५,३४९ | ४०८ | ५,७५७ |
| २०७०-०७१ | ६,४४४ | ४६१ | ६,९०५ |
| २०७१-०७२ | ६,२२३ | ३३१ | ६,५५४ |
| २०७२-०७३ | ४,९३८ | २६९ | ५,२०७ |
| २०७३-०७४ | ५,५०८ | ४५० | ५,९५८ |
| २०७४-०७५ | ५,२७१ | ४१४ | ५,६८५ |
| २०७५-०७६ | ४,९६४ | ३२० | ५,२८४ |
| २०७६-०७७ | १,९३७ | १९५ | २,१३२ |
| २०७७-०७८ | ५२८ | ७२ | ६०० |
| **जम्मा** | **५२,१९९** | **३,११५** | **५५,३१४** |
| **प्रतिशत** | **९४.३७** | **५.६३** | |

*स्रोत: वैदेशिक रोजगार विभाग*

वैदेशिक रोजगारका लागि श्रम स्विकृति लिएको अवस्था




## ३.६ वैदेशिक रोजगार गएका र फर्केर आएका व्यक्तिहरुको संक्षिप्त विवरण

गौर नगरपालिकाका जम्मा ५६५ जना व्यक्तिहरू वैदेशिक रोजगारमा गएका छन् । यसैगरी विगत ५ वर्ष भित्र जम्मा ३९३ जना वैदेशिक रोजगारबाट फर्केर आएका छन् । वैदेशिक रोजगारमा गएका र फर्केर आएका गरी जम्मा ९५८ जना व्यक्तिहरू वैदेशिक राजगारसँग जोडिएको पाइएको छ । यसैगरी वैदेशिक रोजगारमा गएको घरको परिवारको जनसंख्या ३,९१४ र फर्केर आएका व्यक्तिको परिवार ३,००० जना गरी गरी कूल ६,९१४ जना परिवार सदस्यहरू वैदेशिक रोजगारसँग जोडिएको पाइएको छ । यस नगरपालिकाबाट वैदेशिक रोजगारमा जाने र फर्केर आएका व्यक्तिको संक्षिप्त विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २: वैदेशिक रोजगार गएका र फर्केर आएका व्यक्तिहरुको विवरण**

| विवरण | संख्या | परिवारको जनसंख्या |
|---|---|---|
| वैदेशिक रोजगार गएको | ५६५ | ३,९१४ |
| वैदेशिक रोजगारबाट फर्केर आएको | ३९३ | ३,००० |
| **जम्मा** | ९५८ | ६,९१४ |

*स्रोत: घरधुरी सर्भेक्षण, २०७८*

## ३.७ वैदेशिक रोजगारमा गएका र फर्केको घर सम्बन्धी विवरण

गौर नगरपालिकाबाट वैदेशिक रोजगारमा जानेहरूको मात्र घर संख्या ३९६ रहेको छ । यसैगरी विगत ५ वर्ष भित्र फर्केर आउने मात्रको घर २७२ रहेको छ भने वैदेशिक रोजगारमा गएका र फर्केर आएको दुवै खाले व्यक्ति भएको घर संख्या ७८ रहेको छ । यस हेर्दा यस स्थानीय तहबाट वैदेशिक रोजगारमा जाने र फर्किर आउने गरी जम्मा घर संख्या ७४६ रहेको छ । यस नगरपालिकाबाट वैदेशिक रोजगारमा जाने र फर्केर आएका व्यक्तिको संक्षिप्त विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३: वैदेशिक रोजगार गएका र फर्केर आएका व्यक्तिहरुको विवरण**

| वडा नं. | वैदेशिक रोजगारमा गएकाहरु मात्र घरधुरी संख्या | वैदेशिक रोजगारबाट फर्केर आएकाहरु मात्र घरधुरी संख्या | वैदेशिक रोजगार गएका र फर्केर आएका दुवै भएको घरधुरी संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | २२ | १६ | २ | ४० |
| २ | २८ | ० | १९ | ४७ |
| ३ | ३३ | २६ | ४ | ६३ |
| ४ | ३० | ३२ | ३ | ६५ |
| ५ | २६ | ३० | ४ | ६० |
| ६ | ११८ | ६४ | १३ | १९५ |
| ७ | ३९ | १९ | २ | ६० |
| ८ | २५ | ३४ | ४ | ६३ |
| ९ | ७५ | ५१ | २७ | १५३ |
| **जम्मा** | ३९६ | २७२ | ७८ | ७४६ |

*स्रोत: घरधुरी सर्भेक्षण, २०७८*

## ३.८ वडागत जनसंख्या र वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको विवरण

गौर नगरपालिकाका वडागत जनसंख्या र वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको जनसंख्या तुलणा गरी हेर्दा कूल जनसंख्याको १ दशमलव ६२ प्रतिशत व्यक्तिहरू वैदेशिक रोजगारमा गएका छन् । वडागत रूपमा हेर्दा कूल जनसंख्याको आधारमा सबैभन्दा वढी वडा नम्बर ९ र सबैभन्दा कम वडा नम्बर ५ रहेका छन् । यस नगरपालिकाको वडागत घरधुरी र वैदेशिक रोजगारमा गएका घरधुरीको विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४: वडागत जनसंख्या र वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण**

| वडा नं. | जनसंख्या (राष्ट्रिय जनगनणा २०६८) | वैदेशिक रोजगारमा गएकाहरुको संख्या | जनसंख्याका आधारमा वैदेशिक रोजगारमा गएको प्रतिशत |
|---|---|---|---|
| १ | ३९५० | ३० | ०.७६ |
| २ | ३५५२ | ४९ | १.३८ |
| ३ | ४०५६ | ४२ | १.०४ |
| ४ | ५०२८ | ३६ | ०.७२ |
| ५ | ५१६५ | ३३ | ०.६४ |
| ६ | ४८५४ | १६६ | ३.४२ |
| ७ | २५७२ | ४५ | १.७५ |
| ८ | २३४६ | ३४ | १.४५ |
| ९ | ३४१४ | १३० | ३.८१ |
| **जम्मा** | **३४९३७** | **५६५** | **१.६२** |

*स्रोत: घरधुरी सर्भेक्षण, २०७८*